# विराटनगर महानगरपालिका

बैठक संख्याः २
मितिः २०७४/०४/१७

बैठक प्रारम्भः२.००
बैठक स्थगनः ४.००

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको बैठक बसि निम्न उपस्थितीमा निम्न लिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री विनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधुबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज चापले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |

| | | | |
|---|---|---|---|
| २१ | सदस्य | श्री वद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री विना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री दिपक कोइराला | |

निर्णय नं. १

नेपालको संविधानको धारा २१८ बमोजिम नगर कार्यपालिकावाट गरिने कार्यलाई व्यवस्थीत गर्न तर्जुमा गरिएको पाना नं. १३ परिच्छेद ४ नियम २९ तथा अनुसूची ३ भएको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ स्वीकृत गरि प्रमुखवाट प्रमाणीकरण भएपछि लागु गर्ने निर्णय गरीयो।

निर्णय नं. २

नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम १० को उपदफा ७ बमोजिम तर्जुमा गरिएको पाना नं ७ दफा १८ अनुसूची २ भएको नगर कार्यपालिका वैठक संचालन सम्वन्धी कार्यविधि २०७४ स्वीकृत गरियो तथा प्रमुखबाट प्रमाणीकरण भएपछि लागु गर्ने निर्णय गरीयो।

निर्णय नं. ३

नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक संचालन कार्यविधि स्वीकृत भई लागु नभएसम्मका लागी तर्जुमा गरिएको पाना नं २० परिच्छेद ४, दफा ४९ तथा अनुसूची ३ भएको नगरसभा संचालन कार्यविधि २०७४ स्वीकृत गरियो तथा प्रमुखवाट प्रमाणीकरण भएपछि लागु गर्ने निर्णय गरीयो।

निर्णय नं. ४

विराटनगर महानगरपालिकाको नगर सभावाट आ.व. २०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पारित नभएसम्मका लागी कार्यलयको दैनिक अत्यावश्यक कार्य संचालन गर्न मिति २०७३

पुस २८ गतेको ३३औं नगर परिषदबाट पारित आ.व. २०७४।०७५ को वार्षिक बजेटलाई आधार मानी चालु खर्च तर्फ व.शि.नं. १.०१.१ तलब कर्मचारी, व.शि.नं. १.०१.४ बीमा प्रिमीयम खर्च, व.शि.नं. १.०२.१ कर्मचारी भत्ता, व.शि.नं. १.०२.३ बैठक भत्ता, व.शि.नं. १.०३ सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता, व.शि.नं. १.०४ पोशाक खर्च, व.शि.नं. १.०५ खाद्यान्न तथा आहार, व.शि.नं. १.०६ औषधी उपचार, व.शि.नं. १.०७ सेवा निवृत्त सुविधा, व.शि.नं. २.०१ पानी तथा बिजुली महशुल, व.शि.नं. २.०२ संचार महशुल, व.शि.नं. २.०३ कार्यालय संचालन खर्च, व.शि.नं. २.०४ भाडा, व.शि.नं. २.०५ मर्मत तथा संभार, व.शि.नं. २.०६.१ सवारी ईन्धन (प्रमुख), व.शि.नं. २.०६.२ सवारी इन्धन कर्मचारी, व.शि.नं. २.०७.१ परामर्श शुल्क, व.शि.नं. २.०८.४ नगर परिषद सञ्चालन खर्च, व.शि.नं. २.०८.५ विविध खर्च, व.शि.नं. ४.०५.१ कार्यक्रम भ्रमण खर्च प्रमुख, व.शि.नं. ४.०५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारी र पुँजीगत खर्च तर्फ व.शि.नं. ४.०७.१ नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन खर्च, व.शि.नं. ६.०५ सार्वजनिक निर्माण खर्च अन्तर्गत व.उप.शि.नं. ६.०५.३ विद्युतीकरण तथा विद्युत मर्मत सम्बन्धी कार्यहरु व.उप.शि.नं. ६.०५.६ मर्मत संभार कोष, व.उप.शि.नं. ६.०५.१० तारिणी प्रसाद कोइराला सभाग्राम निर्माण खर्च, व.उप.शि.नं. ६.०५.११ नसपार्क निर्माण खर्चमा विनियोजित बजेटलाई आधार मानी हाललाई अत्यावश्यकीय बजेट खर्च गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

वर्षादको समय, सडकमा खाल्डाखुल्डीको अवस्था र सडक दायाँ बायाँ झाडीको वृद्धिसँगै सर्पको डरले सडक बत्तिको अभावमा रातको समयमा आवागमनमा असहजताले दुर्घटना भैरहेको हालको अवस्थालाई मध्यनजर गरि तत्काल सार्वजनिक खरिद ऐन २०६४ को प्रक्रियाबाट cfl बल्ब खरिद गरि आवश्यकता अनूसार सबै वडामा सडक बत्ति जडाँन गर्ने एंव नबलेका बल्भहरुलाई मर्मत संभार गरि जडान गर्ने मिति २०७४/०३/२९ को नगर कार्यपालिकाको पहिलो बैठकबाट निर्णय भई निर्णय अनुसारको कार्य सबै कार्यपालिका सदस्यहरुको सहयोगमा अगाडी बढाउँदा पनि सबै वर्ग क्षेत्रमा पुर्याउन नसकीएको, ऐतिहासीक राधाकृष्ण रथयात्रा र दशैं, तिहार जस्ता चाड पर्व पनि नजिक आइरहेको सन्दर्भमा सडक बत्तीलाई थप प्रभावकारी रुपमा अगाडी बढाउनुपर्ने देखिएकोले पूनः एक पटकको लागी सोहि प्रक्रियाबाट CFL बल्व खरिद गरी आ.व. ०७४/७५ को विद्युतिकरण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

यस कार्यालयका कार्यालय सहयोगी कर्मचारी शेर बहादुर मगरलाई कर्मचारी कल्याण कोषबाट रु. ३,५०,०००/- ऋण सापटि दिने निर्णय गरियो।